# बरहथवा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### बरहथवा, सर्लाही
प्रदेश नं.२, नेपाल

# बागमति नदिमा डुङ्गा संचालन गर्ने कार्यका लागि ठेक्का बन्दोवस्त सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७६/०५/०५)

उपरोक्त विषयमा यस कार्यालयको मिति २०७६/०५/०४ गतेको निर्णय अनुसार आ.व.२०७६/०७७ को लागि बागमति नदीमा बरहथवा न.पा.-४, नयाँ टोलबाट रौतहटको समनपुर घाटसम्म यात्रु तथा सवारी साधन ओसार पसारको लागि डुङ्गा संचालन कार्य बोलपत्रद्धारा ठेक्का लगाउनु पर्ने भएकोले इच्छुक इजाजत प्राप्त फर्म वा व्यक्तिहरुबाट तपशिलमा उल्लेखित शर्तहरु वमोजिम यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र यस कार्यालयबाट पछि फिर्ता नहुने गरी तपसिलमा उल्लेखित दस्तुर वुझाई वोलपत्र/दरभाउपत्र खरीद गरी आफुले कवोल गरेको दर रेट भरी शिलवन्दी गरी यस कार्यालयमा पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरू :-**

१. वोलपत्रसाथ ठेक्का लिने व्यक्ति फर्म/संस्था ले इजाजत प्रमाणपत्रको प्रतिलिपि, पा नं./भ्याट नं. को दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.व. ०७५/०७६ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न राखी पेश गर्नु पर्नेछ। व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण पत्र र प्यानमा दर्ता भए सोको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्ने छ।

२. वोलपत्र फारम यो सूचना प्रकाशन भएको मितिले ३० औं दिन दिनको ५:०० बजेसम्म यस कार्यालयबाट रु ३,०००।- मा खरिद गरी ३१ औ दिन दिनको १२ :०० बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ। उक्त वोलपत्रयस कार्यालयमा विभिन्न कार्यालयका प्रतिनिधि र ठेकेदारको रोहवरमा सोही दिन दिनको २:०० वजे खोलिने छ। तर ठेकेदार प्रतिनिधि नआए पनि उक्त शिलबन्दी वोलपत्र खोल्न बाधा पर्ने छैन।

३. वोलपत्र साथ कबोल रकमको नेपाली नागरिकको हकमा ५% र विदेशी नागरिकको हकमा १०% ले हुन आउने धरौटी रकम ने.वै.लि. बरहथवा शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. १४००३०००००००३००००२ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्ने छ।

४. सरकारी, पेश्की, वेरुजु बाँकी रहेको व्यक्ती वा फर्म लाई ठेक्का दिइने छैन।

५. एक फर्म वा व्यक्तिबाट खरिद भएको बोलपत्र अर्को व्याक्ती वा फर्मले प्रयोग गर्न सक्ने छैन।

६. वोलपत्रमा दर रेट अंक र अक्षरमा प्रस्ट खुलाई पेश गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ।

७. वोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोलिने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सो को भोलीपल्ट गरिने छ।

८. ठेक्का अवधी आ.व.२०७६/०७७ सम्म १ (एक) वर्षको लागि हुने छ।

९. ठेकेदारले उल्लेखित नाकामा गुणस्तरयुक्त डुङ्गा सुरक्षित तवरले संचालन गर्नुको साथै डुङ्गाको यात्रु भारवहन क्षमता अनुसार यात्रु विमा गराउनुपर्ने छ।

१०. ठेक्का स्वीकृत भए पछी कबोल गरेको सबै रकम एकमुष्ठ नगद यस कार्यालयको बैंक खातामा बुझाई भौचर यस कार्यालयमा पेस गर्नु पर्ने छ। ठेक्का सम्झौता बमोजिमको रकम वर्ष भरीको एकमुष्ट बुझाउनेहरुलाई १०% छुट दिइने छ।

११. यस सम्बन्धी अन्य कुराहरु प्रचलित आर्थिक ऐन-नियमावली बमोजीम हुने छ र थप कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ।

| बोलपत्र नं. | बिवरण | न्युनतम ठेक्का रकम | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|
| २१ | बागमति नदीमा बरहथवा न.पा.-४, नयाँ टोलबाट रौतहटको समनपुर घाटसम्म डुङ्गा संचालन गर्ने। | ३०,००,०००।-(तिस लाख रुपैया मात्र) | ३,०००।- (तिन हजार) |

**प्रमुख प्रशासकीय अधिकृत**